# सरकारी वार्ता टोली र किराँत जनवादी वर्कर्स पार्टी बीच भएको सहमति

## मिति २०६६ कार्तिक २८ गते भएको सहमति

१. किराँत जनवादी वर्कर्स पार्टीले १४ बुँदे मागहरू प्रस्तुत गऱ्यो र उक्त मागहरूका सम्वन्धमा छलफल गरियो ।

२. किराँत जनवादी वर्कर्स पार्टी शान्ति स्थापनाको निम्ति वार्ता प्रकृयामा आएकोले वार्ता अवधिभर किराँत जनवादी वर्कर्स पार्टीका कुनै पनि नेता तथा कार्यकर्ताहरूलाई धरपकड नगर्ने र किराँत जनवादी वर्कर्स पार्टीको तर्फबाट हतियारको प्रयोग र प्रदर्शन लगायत वार्तालाई असर पुग्ने गतिविधि वार्ता अवधिभर नगर्ने ।

३. किराँत जनवादी वर्कर्स पार्टीका राजनैतिक मागहरू र हतियार व्यवस्थापन* का सम्वन्धमा आगामी वैठकमा छलफल गर्ने सहमति गरियो ।

**किराँत जनवादी वर्कर्स पार्टीको वार्ताटोलीको तर्फबाट**

........................
सुमन वान्तवा आदिहाङ
संयोजक

...............................
पम्फा किराँती
सदस्य

...............................
हित वहादुर केप्छाकि
सदस्य

...............................
शिव फागो
सदस्य

...............................
डा. जे. वी. तामाङ
सदस्य

**सरकारी वार्ताटोलीको तर्फबाट**

........................
रकम चेम्जोङ
वार्ता टोली संयोजक
तथा
मन्त्री, शान्ति तथा पुनर्निर्माण
मन्त्रालय

---

* *नेपाल सरकार (मं.प.) को मिति २०६६।८।२४ को बैठकबाट "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने" निर्णय भएकोमा उक्त समितिमा छलफल भै समितिको निर्णयबमोजिम तेस्रो बुंदाको "र हतियार व्यवस्थापन" भन्ने व्यहोरा हटाईएको ।*